# राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड

प्रधान कार्यालय, रामशाह पथ, काठमाडौं

## खुला प्रतियोगितात्मक परीक्षाको Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

सूचना नं. ७/०८२/८३

प्रकाशन मिति: २०८३/०३/१९ गते शुक्रबार

लोक सेवा आयोगको सहमति अनुसार राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा रिक्त रहेका देहाय बमोजिमका पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र तथा तोकिए बमोजिमको शैक्षिक योग्यता लगायत यस सूचनामा उल्लिखित अन्य कागजात तथा प्रमाणपत्रका प्रतिलिपिहरू समेत संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन (२०८३/०४/०७) र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन (२०८३/०४/१४) भित्र दरखास्त फाराम भरी अनलाइन प्रणालीमा रहेको eSewa मार्फत तोकिएको दस्तुर जम्मा गरी अनलाइन दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। तह-४, सहायक पद, प्रशासन सेवा, लेखा समूहको एकीकृत परीक्षाको हकमा beemavacancy.com वा direct link 'unified.beemavacancy.com' मार्फत तथा अन्य सबै पदको हकमा beemavacancy.com वा direct link 'rjbcl.beemavacancy.com' मा गई अनलाइन दरखास्त पेश गर्नुपर्नेछ।

रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरू संलग्न नभई पेश हुन आएका दरखास्त उपर कुनै कारबाही हुनेछैन। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशन गरिनेछ। विज्ञापन भएका पदहरूको पाठ्यक्रम कम्पनीको वेबसाइट https://rbs.gov.np/syllabus बाट डाउनलोड गर्न सकिनेछ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | खुला र समावेशी | पद सङ्ख्या | जम्मा पद सङ्ख्या | दरखास्त दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| २४/२०८२/८३ | सह-व्यवस्थापक | ८ | प्रशासन | प्रशासन | खुला | १ | १ | २,०००।- |
| २५/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | खुला | ३ | ६ | प्रत्येक विज्ञापन पदका लागि दरखास्त दस्तुर रु. १,२००।- र थप प्रत्येक समावेशी समूहका लागि थप दस्तुर रु ४००।- बुझाउनु पर्नेछ। |
| २६/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | महिला | १ | | |
| २७/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | आ.ज. | १ | | |
| २८/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | मधेशी | १ | | |
| २९/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | लेखा | खुला | २ | ४ | |
| ३०/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | लेखा | महिला | १ | | |
| ३१/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | लेखा | आ.ज. | १ | | |
| ३२/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | कानून | खुला | १ | १ | |
| ३३/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | सि.ए. | खुला | २ | ४ | |
| ३४/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | सि.ए. | महिला | १ | | |
| ३५/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्रशासन | सि.ए. | आ.ज. | १ | | |
| ३६/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्राविधिक | एक्चुरी | खुला | १ | १ | |
| ३७/२०८२/८३ | सहायक व्यवस्थापक | ६ | प्राविधिक | सूचना प्रविधि | खुला | १ | १ | |
| RJBCL-३८/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | खुला | ८ | १४ | प्रत्येक विज्ञापन पदका लागि दरखास्त दस्तुर रु. ८००।- र थप प्रत्येक समावेशी समूहका लागि थप दस्तुर रु २००।- बुझाउनु पर्नेछ। |
| RJBCL-३९/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | महिला | २ | | |
| RJBCL-४०/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | आ.ज. | २ | | |
| RJBCL-४१/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | मधेशी | १ | | |
| RJBCL-४२/२०८२/८३ | सहायक | ४ | प्रशासन | लेखा | दलित | १ | | |
| ४३/२०८२/८३ | सहायक | ४ | प्राविधिक | एक्चुरी | खुला | १ | २ | |
| ४४/२०८२/८३ | सहायक | ४ | प्राविधिक | एक्चुरी | महिला | १ | | |
| ४५/२०८२/८३ | सहायक | ४ | प्राविधिक | सूचना प्रविधि | खुला | १ | २ | |
| ४६/२०८२/८३ | सहायक | ४ | प्राविधिक | सूचना प्रविधि | महिला | १ | | |

**विज्ञापन सम्बन्धी विशेष सूचना :**

सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

**क) परीक्षाको किसिम:** चौथो तहको पदमा लिखित, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता र अन्य सबै पदहरूमा लिखित र अन्तर्वार्ता हुनेछ । साथै, प्रशासन सेवा, चौथो तह, सहायक पदको हकमा पाठ्यक्रममा उल्लिखित संस्थाहरूको खुला प्रतियोगितात्मक परीक्षाका लागि प्रथम पत्र संयुक्त र द्वितीय पत्र राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको स्वीकृत पाठ्यक्रम अनुरुप छुट्टै हुनेछ ।

**ख) आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव**

| पद | तह | सेवा | समूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|
| सह-व्यवस्थापक | ८ | प्रशासन | प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संस्था वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको अधिकृत स्तरको पदमा तीन वर्ष बीमा क्षेत्रको अनुभव सहित पाँच वर्षको कार्य अनुभव हासिल गरेको । |
| सहायक व्यवस्थापक | ६ | प्रशासन | प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको । |
| | | | कानून | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक उत्तीर्ण गरेको र कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको । |
| | | | लेखा | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा विषय सहित व्यवस्थापनमा स्नातक उत्तीर्ण गरी लेखा/वित्त/बजार शास्त्र विषय सहित व्यवस्थापनमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक सहित चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको । |
| | | | सि ए | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक सहित चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको । |
| | | प्राविधिक | एक्चुरी | मान्यता प्राप्त शिक्षण संस्थाबाट बीमाङ्की विषयमा (Actuarial Science) स्नातक उत्तीर्ण गरी Actuarial statistics (CSI) र Actuarial Mathematics (CMI) सहित तीन Actuarial Professional Exam उत्तीर्ण गरेको । |
| | | | सूचना प्रविधि | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ वा कम्प्युटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको । |
| सहायक | ४ | प्रशासन | लेखा | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा विषय सहित स्नातक वा सो सरह उत्तीर्ण गरेको ।<br>**नोट:** लोक सेवा आयोगबाट मिति २०८२/०७/१५ मा लिइएको सङ्गठित संस्थाहरूको अप्राविधिक तर्फका सहायक स्तर द्वितीय श्रेणी वा चौथो तह वा सो सरहको पदको पूर्वयोग्यता परीक्षामा उत्तीर्ण भई प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरू प्रमाण पत्र जारी भएको मितिले एक वर्षभित्र सो पदमा दरखास्त पेश गर्न सम्भाव्य उम्मेदवार हुने भएकोले मान्य अवधि भित्रको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । |
| | | प्राविधिक | एक्चुरी | मान्यता प्राप्त शिक्षण संस्थाबाट बीमाङ्की विषयमा (Actuarial Science) स्नातक उत्तीर्ण गरेको । |
| | | | सूचना प्रविधि | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ वा कम्प्युटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । |

- उपर्युक्त पदहरूमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको Scan copy अनिवार्य रूपमा Upload गर्नुपर्नेछ ।
- दरखास्त दिने अन्तिम मिति २०८३/०४/०७, पछि प्राप्त वा जारी भएको शैक्षिक योग्यता, तालिम, कार्य अनुभव, व्यावसायिक परिषद्को दर्ता, समावेशीको प्रमाणपत्र जस्ता आवश्यक कागजात मान्य हुने छैन ।
- सेवारत कर्मचारीले आफू सेवारत निकाय/संस्थाको विभागीय स्वीकृति अनिवार्य Upload गर्नुपर्नेछ ।
- स्नातकोत्तर शैक्षिक योग्यता आवश्यक रहने पदको हकमा सम्बन्धित विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेको उम्मेदवारका लागि तोकिएको अनुभवको अवधि दुई वर्षले कम हुनेछ । अनुभवको हकमा प्रतिहप्ता चालीस घण्टाभन्दा कम समय काम गरेको अनुभव (आंशिक रूपमा काम गरेको अनुभव)लाई गणना गरिनेछैन ।

**ग) उमेरको हद (दरखास्त दिने अन्तिम मिति २०८३/०४/०७ सम्म):** तह-४, सहायक पदमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको । तह-६, सहायक व्यवस्थापक पदमा २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको । महिला र अपाङ्गता भएका उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको । तह-८, सह-व्यवस्थापक पदमा २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको । कम्पनीमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन ।

**घ) अयोग्यता:** उम्मेदवार हुन भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सरकारी वा कुनै सङ्गठित संस्थाको नोकरीबाट हटाइएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र गैर-नेपाली नागरिक हुनुहुँदैन ।

**ङ) सेवाको प्रकार:** स्थायी ।

**च) निवृत्तभरण:** राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०८२ बमोजिम योगदानमा आधारित निवृत्तभरण पाउने ।

**छ) तलब तथा सुविधा:** कम्पनीको नियमानुसार ।

**ज) परीक्षा हुने मिति:** लोक सेवा आयोगबाट परीक्षा कार्यक्रम निर्धारण भए पश्चात् आयोग र कम्पनीको वेबसाइटमा प्रकाशित गरिनेछ ।

**झ) परीक्षण काल:** कम्पनीको नियमानुसार ।

**ञ) काम गर्नुपर्ने स्थान:** कम्पनीका काठमाडौं उपत्यका र काठमाडौं उपत्यका बाहिरका कार्यालयहरू ।

**ट) समावेशी तर्फका उम्मेदवारहरूले पेश गर्नुपर्ने थप कागजातहरू:**
आदिवासी/जनजाति, मधेशी, अपाङ्ग, दलित आदि समूहका उम्मेदवारहरूले प्रचलित कानून तथा सरकारी नियम बमोजिम आधिकारिक निकायबाट प्रमाणित गराएका प्रमाणपत्रहरू दरखास्त साथ अनलाइन Upload गर्नुपर्नेछ ।

ठ) विज्ञापन अनुसार प्रत्येक पदका लागि दरखास्त फाराम छुट्टाछुट्टै भर्नुपर्नेछ । खुला तथा समावेशी तर्फका लागि एउटै दरखास्त पेश गरे पुग्नेछ ।

ड) दरखास्त अस्वीकृत भएमा फारामहरूको दरखास्त दस्तुर फिर्ता हुने छैन ।

ढ) दरखास्त सम्बन्धी कुनै जानकारी लिनुपरेमा राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौंको सम्पर्क नं. ०१-५३६२५२०, Ext: ३१० मा सम्पर्क राख्न सकिनेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**